# प्रेस –विज्ञप्ती

आज मिति २०७६।०१।०३ गते अचानक विना जानकारी विभिन्न माग राखि यस गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ग्वालटारमा ने. क. पा. का नेता तथा कार्यकर्ताद्धारा घेराउ कार्यक्रम गर्नु भएकोले यस गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ। विगत समय देखि नै यस गाउँपालिकाले यस गाउँपालिकाको विकास सम्वृद्धि र हितको लागि विभिन्न पक्षहरु सँग सहकार्य, समन्वय र सह -अस्तित्वको आधारमा गाउँ सभा तथा कार्यपालिकाबाट निर्णय कार्यान्वयन गर्दै आज सम्म बहुमतको दम्भ तथा घमन्डको आधारमा कुनै पनि निर्णय नभएको कुरा यस गाउँपालिकाको कार्यपालिका सदस्य तथा सभा सदस्यहरुलाई विदितै छ । यति हुदा हुदै पनि कथित आन्दोलन र विरोधको नाममा यस गाउँपालिकामा विभिन्न विषयको माग भएको सम्वन्धमा बुदागत रुपमा सर्बसाधारण तथा सम्वन्धित पक्षलाई जानकारी गराउन चाहान्छौ ।

१. सवारी साधन सम्वन्धमाः यस गाउँपालिकाका अध्यक्षले प्रयोग गर्दै आएको गाडी गाउँपालिककाबाट भाडामा प्रयोग भएको । उक्त गाडी भाडामा लिने निर्णय गाउँ सभाबाट नै भएको । किन गाउँपालिकाको नाममा गाडी खरिद नभएको भन्ने मागका सम्वन्धमा यस गाउँपालिकाले विषयगत मन्त्रालय सँग अनुमती माग गर्दा किन्न नमिल्ने भनेकोले हाल सम्म भाडामानै गाडी चडिएको व्यहोरा जानकरी गराउन चाहान्छौ ।

२. गाउँपालिकावाट संचालित योजना तथा कार्यक्रम आदेशको आधारमा गाउँ सभालाई छलेर भएको भन्ने माग सम्वन्धमाः यस गाउँपालिकाले योजना तथा कार्यक्रममा रकम विनियोजन तथा संचालन गर्दा आ व २०७४ /०७५ मा स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम बस्ति स्तरबाट योजना माग संकलन गरी सहभागितात्मक योजना तर्जुमा प्रकृया अनुसार योजना तथा कार्यक्रम संचालन गरिएको । अत्यावश्यक केही ठाउँमा वजेट अपुग भएमा केहि रकम थप गरी कार्यपालिका तथा गाउँ सभाबाट अनुमोदन गरी खर्च गरिएकोले सर्व साधारण वा सम्वन्धित सबैमा जानकारी गराईन्छ ।

३. लेखापरिक्षण सम्वन्धमाः यस गाउँपालिकाको आ .व. २०७४/०७५ अन्तिम लेखापरिक्षण सम्पन्न भईसकेको हुदा सम्वन्धित पक्षको जानकारीका लागि वेव साईडमा राखिएको छ ।

४. शिक्षा सम्वन्धि उठाईको सवाल सम्वन्धमाः यस गाउँपालिकामा संचलन भएको शिक्षा तर्फको विषयगत काम नेपालको संविधान २०७२ को अनुसूची -८ र स्थानिय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार यस गाउँपालिकाको गाउँ सभाबाट शिक्षा ऐन २०७४ तथा शिक्षा नियमावली २०७४ बमोजिम काम कारवाही भएको र आगामी दिनमा पनि सोहि अनुसार हुने व्यहोरा सर्बसाधारको लागि जानकारी गराईन्छ ।

५. आन्तरिक आयको हिसाव सार्वजनिक गराई पाउँ भन्ने माग सम्वन्धमाः यस गाउँपालिकाले आ व २०७४/०७५ मा रु १६८८०००। रकम उठेको र यस आ .व.रु ३१४३७४६। मध्ये वडाको रु ५०१२२२। र गाउँपालिकाको रु २६४२५२४। - (२०७५ साल चैत्र १३ सम्मको) आन्तरिक आय उठेको र वडा गत रुपमा गत आर्थिक वर्ष र यस आर्थिक वर्षमा लगेको नगदी रसिद ठेली र मालपोत ठेली र रकम दाखिला हुने र आउने क्रममा रहेको समेत जानकारी गराईन्छ। गत आ .व. को वडा नं ७ का वडा अध्यक्ष श्री रोम बहादुर देवकोटाले यस कार्यालयबाट बुझी लगेको रसिदहरु मा १८०१ – १९००सम्म १ ठेली ८३०१-८४०० १ ठेली र ८५०१-८६०० सम्म गरि ३ ठेली हाल सम्म नबुझाएको र नगद रु ४४३००। (अक्षरुपी चौवालिस हजार तिन सय )समेत उहाँ सगै रहेकोले सो रसिदको हिसाव गाउँपालिका सँग नभएको व्यहोरा समेत जानकारी गराईन्छ। आन्तरिक आयको शिर्षकगत रकमको लागि कार्यालयमा सम्पर्क राख्नु हुन समेत अनुरोध गरिन्छ।

६. संघ तथा प्रदेश सरकारवाट यस गाउँपालिकामा आएको योजना तथा कार्यक्रम आलटाल गरेको भन्ने सम्वन्धमाः यस गाउँपालिकामा संघ तथा प्रदेश सरकारवाट आएको योजना तथा कार्यक्रम कार्यान्वयन यस गाउँपालिकाले स्थानिय जनचासो र जनचाहना अनुरुपनै कार्यान्वयन गर्ने व्यहोरा सबै पक्षलाई जानकारी गराईन्छ ।

७. ढुङ्गा गिट्टी वालुवाको ठेक्का सम्वन्धमाः यस गाउँपालिकाले ढुङ्गा गिट्टी बालुवाको ठेक्का सम्वन्धमा यस गाउँपालिकाले राष्ट्रिय दैनिक पत्रिकामा २ पटक सूचना प्रकाशित गरिएको तर कुनै पनि फर्म तथा कम्पनीबाट दरखास्त नपरेकोले पुनः कार्यपालिकाले निर्णय गरि माशिक रु ४०००००। (अक्षरुपी चार लाख) का दरले ३ महिनाको लागि क्यरोल कम्पनीलाई दिईकोले यस गाउँपालिकाले रसिद छपाई गरी आर्थीक ऐन २०७५ को अनुसूचि -४ सि नं २९ मा भएको व्यवस्था वमोजिम ढुङ्गा- वालुवा- गिट्टीको नियमानुसार ठेक्का लगाईएको व्यहोरा सम्वन्धित सबै पक्षको लागि जानकारी गराईन्छ ।

मिति:२०७६।०१।०३

प्रवक्ता
दौलत कार्की
गोलन्जोर गाउँपालिका